मा. मन्त्रीस्तरबाट मिति २०८२/०७/१२ मा स्वीकृत

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २६/०८२
दर्ता मिति: २०८२/०६/१६

# मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

मासु निर्यातका लागि स्वस्थ राँगा वा भैंसीको उत्पादनलाई प्रवर्द्धन तथा अभिवृद्धि गरी कृषकको आयआर्जनमा वृद्धि गर्न कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "**कार्यक्रम**" भन्नाले मासु निर्यात अभिवृद्धिका लागि राँगा/भैसी प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ।

(ख) "**कार्यालय**" भन्नाले राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयन एकाइ सम्झनु पर्छ।

(ग) "**मन्त्रालय**" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "**लाभग्राही**" कार्यक्रम सञ्चालनका लागि तोकिएका क्षेत्र तथा जिल्लाभित्रका कृषि तथा पशुपालन गर्ने उद्देश्यले कानून बमोजिम दर्ता भएका निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनी सम्झनु पर्छ।

(ङ) "**समिति**" भन्नाले यस कार्यविधि बमोजिमका कार्यक्रम/क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्नका लागि गठित दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन क्रियाकलाप र लक्षित वर्ग

३. **कार्यक्रम सञ्चालनका क्रियाकलापहरुः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(क) मासुका लागि पाडा वा पाडी खरिद तथा ढुवानी

(ख) गोठ निर्माण वा सुधार,

(ग) घाँसेबाली तथा आहारा व्यवस्थापन,



डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(घ) औषधी उपचार, परजीवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुपालनका लागि यन्त्र, उपकरण,औजार सहयोग,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु,

(छ) पशु पहिचान तथा अभिलेखीकरण,

(ज) कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, होडिङ बोर्ड, प्रतिवेदन र प्राविधिक सेवा टेवा

नोट: १)मासुका लागि पाडा वा पाडी खरिद तथा ढुवानीको हकमा प्रस्तावको कूल लागतको अधिकतम ५० प्रतिशत सम्म खर्च गर्न सकिनेछ।

२) पाडा वा पाडी खरिद गर्दा उपलब्ध भएसम्म सरकारी वा नीजि स्रोत केन्द्रहरुबाट खरिद गर्नु पर्नेछ।

३) पाडा वा पाडी खरिद गरेको अवस्थमा अनिवार्य रुपमा पशु बीमा गर्नु पर्नेछ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

४. **कार्यक्रम सञ्चालन गर्ने निकाय र कार्यक्षेत्र:** यो कार्यक्रम कार्यालय मार्फत सञ्चालन हुनेछ र स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसारका जिल्लाहरु यो कार्यक्रमको कार्यक्षेत्रको रुपमा रहने छन्।

५. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान :** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही सम्बन्धित कार्यालयले अनुसूची-१ अनुसारको ढाँचामा २१ दिनको समयसीमा तोकी सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसारको सूचना कार्यक्रम सञ्चालन हुने सम्बन्धित प्रदेशको जिल्लास्थित पशु सेवा क्षेत्र हेर्ने कार्यालय र सम्बन्धित स्थानीय तहका पशु सेवा शाखाहरुमा समेत टाँस गरी जानकारी गराउनु पर्नेछ।

६. **आवेदन तथा प्रस्ताव पेश गर्ने:** यस कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले अनुसूची-२ अनुसारको ढाँचामा आवश्यक सम्पूर्ण कागजात सहितको आवेदन र अनुसूची-३ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको समयभित्र कार्यालयमा पेश गर्नु पर्नेछ। ईच्छुक लाभग्राहीलाई प्रस्ताव तयार गर्ने कार्यमा सम्बन्धित कार्यालयले सहजीकरण गर्न सक्नेछ।

७. **समिति गठन र प्रस्ताव मूल्याङ्कन सम्बन्धी व्यवस्था:** (१) तोकिएको समय सीमाभित्र प्राप्त प्रस्तावको मूल्याङ्कन गर्न कार्यालय अन्तर्गत देहाय अनुसारको प्रस्ताव मूल्याङ्कन समिति रहनेछ।

प्रमुख, कार्यक्रम कार्यान्वयन एकाइ - संयोजक



दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| | | |
|---|---|---|
| प्रमुख वा अधिकृत प्रतिनिधि, प्रदेशको जिल्लास्थित पशु सेवा क्षेत्र हेर्ने कार्यालय | - | सदस्य |
| जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | - | सदस्य |
| कृषि/पशु सेवा अधिकृत/प्राविधिक, कार्यक्रम कार्यान्वयन एकाइ | - | सदस्य-सचिव |

(२) समितिले आवश्यक ठानेमा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश भएका स्थानीय तहहरु मध्येबाट कुनै एक स्थानीय तहका पशु सेवा विषय क्षेत्र हेर्ने शाखा प्रमुख वा प्रतिनिधि र एक जना विषय विज्ञलाई बैठकमा सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्राप्त प्रस्ताव उपर अनुसूची-४ बमोजिम आधारमा मुल्याङ्कन गर्नु पर्नेछ र सो समितिले आवश्यकता अनुसार मुल्याङ्कनका आधारहरु विस्तृतीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले स्थलगत प्रमाणीकरणका आधारमा प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ।

(५) कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम र अन्य निकायहरुबाट लक्षित लाभग्राहीलाई प्रदान गरिने अनुदानमा दोहोरोपना नहुने गरी समितिले प्रस्तावहरुको मूल्याङ्कन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

८. <u>प्रस्तावको स्वीकृति, सम्झौता र कार्यदिश:</u> (१) दफा ७ बमोजिमको समितिबाट मूल्याङ्कन तथा प्राथमिकीकरण गर्न प्राप्त भएका प्रस्तावलाई कार्यालयले स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिमको स्वीकृत भएका लाभग्राहीहरुको सूची प्रकाशन गरी १५ दिन भित्र सम्झौताको लागि सूचना गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृत प्रस्ताव अनुसार कार्यक्रम सञ्चालनका लागि लाभग्राहीसँग आवश्यक छलफल गरी कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(४) छनौटमा परेका लाभग्राहीले सम्झौता बमोजिम सञ्चालन गरिने क्रियाकलापहरुको समयसीमा सहितको कार्ययोजना पेश गर्नु पर्नेछ। यसै सम्झौता र कार्ययोजना बमोजिम कार्यालयले कार्यक्रम सञ्चालनका लागि कार्यदिश दिनु पर्नेछ।

(५) सम्झौतामा उल्लेख भएका शर्त र स्वीकृत प्रस्ताव बमोजिम लाभग्राहीले यस कार्यविधि, प्रचलित कानून तथा नर्म्सको अधिनमा रही क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ र सम्झौता बमोजिमका शर्तहरु पालना गर्नु दुवै पक्षको जिम्मेवारी हुनेछ।

९. <u>अनुदानको सीमा तथा भुक्तानी प्रक्रिया:</u> (१) यस कार्यविधि बमोजिम स्वीकृत भएका प्रस्ताव अनुसार क्रियाकलाप सञ्चालन गर्न कूल लागत अनुमानको बढीमा पचास प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ। प्रस्तावकले सञ्चालन गर्न चाहेको क्रियाकलापको लागत अनुमान जिल्ला दररेट अनुसार तयार गर्नु पर्नेछ। जिल्ला दररेट स्वीकृत नभएको अवस्थामा प्रचलित बजार मूल्यलाई आधार लिनु पर्नेछ।

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(२) उपदफा (१) बमोजिम अनुदान भुक्तानी गर्दा प्रचलित कानून बमोजिम करकट्टी गरी भुक्तानी योग्य रकम कार्यालयले लाभग्राहीको बैङ्क खातामा भुक्तानी गर्नु पर्नेछ।

(३) स्वीकृत लागत अनुमान र सम्झौतामा उल्लेख भएको कूल लागत साझेदारी रकम भन्दा बढी रकम खर्च भएको अवस्थामा सम्झौताभन्दा बढी खर्च हुन आएको रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

(४) लाभग्राहीले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गर्दा खर्च भएको रकम तथा बिल भर्पाईहरुको लेखा राख्नु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा खर्च भएको कूल रकम र सम्बन्धित बिल भर्पाइहरुको छाँयाप्रति आफूसँग राखी सक्कल बिल भर्पाइहरु अनुदान भुक्तानी र लेखापरीक्षणको लागि कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(५) लाभग्राहीले सम्झौता अनुसारको काम सम्पन्न गरे पश्चात अनुसूची-६ बमोजिमको ढाँचामा कार्य-सम्पन्न प्रतिवेदन र अनुसूची-७ बमोजिमको ढाँचामा कार्यक्रम सञ्चालन भएको स्थानीय तहको पशु सेवा क्षेत्र हेर्ने शाखाको सिफारिस पत्र समेत राखी भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ।

(६) भुक्तानीका लागि कार्य सम्पन्न प्रतिवेदन, अनुगमन मूल्याङ्कन प्रतिवेदन, पाडा वा पाडी खरिदको हकमा बीमा गरेको कागजात र अन्य प्राप्त कागजातको आधारमा सम्बन्धित कार्यालयबाट भुक्तानी गरिनेछ।

## परिच्छेद ४
## विविध

१०. **अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन:** (१) कार्यालयले यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गर्नु पर्नेछ।

(२) कार्यालयले निर्दिष्ट ढाँचामा स्वीकृत प्रस्तावहरुको प्रगति विवरण अद्यावधिक गरी कार्यक्रम व्यवस्थापन एकाइ र मन्त्रालयमा प्रतिवेदन गर्नु पर्नेछ।

११. **प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधि बमोजिमका क्रियाकलाप यसै कार्याविधि बमोजिम सञ्चालन हुनेछ।

(२) यस कार्याविधि बमोजिमको अनुदान प्राप्त गर्ने लाभग्राहीले उक्त अनुदान रकमको दुरुपयोग गरेमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाइएमा प्रचलित कानून बमोजिम हुनेछ।

डा. दीपक कुमार खराल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको लागि सूचना प्रकाशनको ढाँचा**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ..........

सूचना नं. :                                                        सूचना प्रकाशित मिति:

**मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ............को चालु आ.व. ....... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक समूह/सहकारी/फर्म/कम्पनीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति ............. गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम | समूह,सहकारी ,फर्म र कम्पनी | जिल्लाभरी | मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ३ मा उल्लेख भए बमोजिम | कूल लागत अनुमानको बढीमा पचास प्रतिशत अनुदान रकम अनुदान उपलब्ध गराईनेछ। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(३) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(४) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२
(दफा ६ सँग सम्बन्धित)

आवेदन फाराम (नमूना)

मितिः.....................

श्रीमान् प्रमुख
कार्यक्रम कार्यान्वयन एकाइ.......................।

विषयः आवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा मिति...............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवश्यक कागजात सहित म/हामी ..................................................................कृषि उद्यमी/युवा/फर्म संचालक ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(३) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(४) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची-३
(दफा ६ सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१. प्रस्तावकको नाम :

२. कार्यक्रम सञ्चालन गर्ने ठेगाना : ............जिल्ला : ......... न.पा./गा.पा........वडा नं...........टोल

३. प्रस्तावकको स्थायी लेखा नं. :

४. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

५. प्रस्तावित कार्यक्रम सञ्चालनको मुख्य उद्देश्य :

६. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी अनुभव :....... वर्ष

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसँग उपलब्ध स्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. रागाँ भैंसी उत्पादन विवरण

| विवरण | हालको उत्पादन अवस्था | प्रस्तावित थप उत्पादन |
|---|---|---|
| रागाँभैसी संख्या | | |
| चरन/घाँस खेती क्षेत्रफल | | |

१०.वार्षिक उत्पादन परिमाणः .......... वार्षिक आम्दानी :.............

११. हाल सञ्चालित क्रियाकलापहरुको फोटोहरु:

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१२. कार्यक्रम सञ्चालन पश्चातको अनुमानित उत्पादकत्वः ................ वार्षिक आम्दानी :.............

१३.कार्यक्रम सञ्चालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क्र.सं. | क्रियाकलाप | एकाइ | परिणाम | दर | कुल लागत रु. | अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाइ, चौडाइ, मोटाइ, गोठ र चरनको क्षेत्रफल लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरण समेत राख्नु पर्नेछ। |
| १.१. | गोठ निर्माण/सुधार | | | | | | |
| १.२ | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नु पर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | पाडा/पाडी खरिद, ढुवानी, घाँस व्यस्थापन, पशु स्वास्थ्य |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ४ | कार्यक्रम सार्वजनिकीकरण | | | | | | होडिङ बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, प्रतिवेदन |
| ४.१ | | | | | | | |
| ४.२ | | | | | | | |
| | जम्मा | | | | | | |

१४. कार्यक्रम सञ्चालन हुने स्थल सडकसँग जोडिएको छ/छैन..... छ भने सडकको किसिम.......



डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१५. कार्यक्रम सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ/छैन...... ....

१६. पानीको सहज आपूर्ति छ/छैन...... ....

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :.............प्रति वर्ष
- रोजगारी सिर्जना : ............. जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार सङ्ख्या : प्रत्यक्ष .... अप्रत्यक्ष........

१९. लाभग्राहीमा दलित, महिला, आदिवासी जनजातीको सहभागिताः छ, छैन .....................जना

२०. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्य:

(ख) कार्यक्रम सञ्चालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरण:

(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) प्रस्तावित नवीनतम प्रविधि वा अभ्यासहरु

(च) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

यो प्रस्तावमा उल्लिखित व्यहोरा ठिक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिमक सहुँला बुझाउँला।

| | |
|---|---|
| साक्षी | निवेदक |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| फोन नं.: | फोन नं.: |
| मिति : | मिति : |

लाभग्राहीको छापः ...................



... दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## मूल्याङ्कनको आधार

### मासु निर्यात अभिवृद्धिका लागि राँगा तथा भैसी प्रवर्द्धन कार्यक्रम

प्रस्ताव दर्ता नं.................

प्रस्तावित कुल लागत रकम रु ..................

प्रस्तावित अनुदान रकम रु.......................

प्रस्ताव मूल्याङ्कन फाराम-

| क्र.सं. | सूचकाङ्क आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ | |
| २ | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ | |
| ३ | फार्मको क्षमता र राँगा भैंसी संख्या | १० | |
| ४ | गोठ, फार्म परिसर, आहाराको सुनिश्चितता र पशु संख्या बीच तादाम्यता | १० | |
| ५ | सडक पहुँच सहजता | ४ | |
| ६ | नियमित विद्युत आपूर्ति | ३ | |
| ७ | पानीको पर्याप्त उपलब्धता | ३ | |
| ८ | प्रस्तावित स्थानमा राँगा तथा भैसी पालनका भौगोलिक उपयुक्तता | ५ | |
| ९ | कार्यक्रमको उद्देश्य बमोजिमका क्रियाकलाप प्रस्ताव | १० | |
| १० | लाभग्राहीमा दलित, महिला, आदिवासी जनजातीको सहभागिता | ५ | |
| ११ | प्रस्तावित कार्यले सिर्जना गर्ने रोजगारीको अवसर | ५ | |
| १२ | पशुपालन असल अभ्यास (हिउदे तथा बर्षे घाँस खेती, सुधारिएको गोठ, मलमूत्रको उचित व्यवस्थापन, हे साइलेजको प्रयोग, खोप तथा परजिवी नियन्त्रण आदी) | १० | |
| १३ | बजारीकरण योजना | ५ | |



डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं।

| | | | |
|---|---|---|---|
| १४ | प्रस्तावित नवीनतम प्रविधि वा अभ्यासहरु | ५ | |
| १५ | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएको वा प्राप्त नगरेको | १० | |
| १६ | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | ५ | |
| | जम्मा | १०० | |

*नोटः कार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको आधार विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ। साथै, उल्लिखित मापदण्ड अनुसार प्रस्ताव मूल्याङ्कन गर्दा समितिले स्थलगत अनुगमन र आवश्यकता अनुसार चेकलिस्ट बनाई मूल्याङ्कन गर्न सक्नेछ।*

| | मूल्याङ्कनकर्ताको राय, सुझाव |
|---|---|
| १ | |
| २ | |
| ३ | |

प्रस्ताव मूल्याङ्कन समितिका सदस्यहरुका नाम र दस्तखतः

| क्र.स. | नाम | दस्तखत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

आमन्त्रित सदस्यः

१.

२.

मितिः.........................

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५
(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

### सम्झौता पत्रको ढाँचा

...................... कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र ........... जिल्ला ............ गा.पा./न.पा. वडा नं. ......................ठेगाना र ना.प्र.प.नं.............रहेको.....................श्री................................ (यस पछि दोश्रो पक्ष भनिएको) बीच.......................कार्यालयबाट मिति ...... ........ ......... गते स्वीकृत भएको प्रस्ताव/कार्यक्रम नं........... मा उल्लेख भएका क्रियाकलापहरु तपशिल अनुसारको शर्त पालना हुने गरी कार्यक्रम सञ्चालन गर्न मञ्जुर भई यो सम्झौता गरेका छौं।

१. यो सम्झौता, सम्झौता भएको मिति ................ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्ताव/इष्टिमेट बमोजिमको कार्य यथाशीघ्र सञ्चालन गरी मिति........... साल........... महिना ........... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।
२. दोस्रो पक्षले सम्झौता बमोजिम सञ्चालन गर्ने क्रियाकलापहरुको समयसीमा सहितको पेश गरेको कार्ययोजना यो सम्झौताको अभिन्न अङ्गको रुपमा रहनेछ।
३. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्थालाई दिन पाईने छैन।
४. सम्झौता बमोजिमको कार्य सम्पादनका लागि पहिलो पक्ष मार्फत, अनुदान स्वरुप रु. ............ (अक्षरुपी ...........................) र दोस्रो पक्षको लागत रु. .................. (अक्षरुपी ...........................) व्यहोरिनेछ। पहिलो पक्षले भुक्तानी गर्ने अनुदान रकम प्रस्तावित क्रियाकलाप अनुसार कार्यसम्पन्न प्रगति, अनुगमन मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा बढीमा दुई किस्तामा सोधभर्ना वापत उपलब्ध गराउनेछ।
५. दोस्रो पक्षले सम्झौता बमोजिमको पूर्वाधार निर्माण तथा मर्मत संभारको लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ। दोहोरो परेको देखिएमा सम्झौता रद्द गर्न सकिनेछ।
६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ र अनुगमन निरीक्षणका क्रममा सहयोग गर्नु पर्नेछ।
७. स्वीकृत प्रस्ताव बमोजिम दोस्रो पक्षले सञ्चालन गर्न चाहेको क्रियाकलाप तथा लागत विवरण खुलाई सर्वसाधारण सबैले देख्ने गरी होडिङ्ग बोर्ड राख्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ। दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ।
८. दोस्रो पक्षले सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सम्झौता अवधि तथा कार्यक्रम सञ्चालन भएको आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ।
९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिँदा प्रथम पक्ष समक्ष बिल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिइनेछ।
१०. दोस्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जम्मेवारी दोस्रो पक्षले लिनेछ।

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

११.दोश्रो पक्षले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन।

१२.दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम ................ मितिसम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाईन र ईष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१३.सम्झौता बमोजिमको लागत सहभागिता सम्बन्धी कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन अनुरुप हस्तान्तरण भैसकेपछि भविष्यमा सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ।

१४.सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोंजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१६.स्वीकृत प्रस्ताव अनुसार कार्यक्रमबाट उपलब्ध गराइएको अनुदान सहयोग दोस्रो पक्षबाट दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
| --- | --- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |
| छाप : | छाप : |

रोहबर

| | |
| --- | --- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-६
(दफा ९ को उपदफा (५) संग सम्बन्धित)
कार्य-सम्पन्न प्रतिवेदनको ढाँचा

**श्रीमान् प्रमुख ज्यू**
**कार्यक्रम कार्यान्वयन एकाइ......................।**

विषयः कार्य सम्पन्न प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयसँग मिति...............................मा भएको सम्झौता बमोजिम **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम** सञ्चालनका लागि म/हामी ...............................................................ले स्वीकृत प्रस्ताव बमोजिमका देहाय अनुसारका क्रियाकलापहरु सम्पन्न गरिसकेकाले सम्पादित कार्य विवरण खुल्ने तपसिल बमोजिमको कार्य सम्पन्न प्रतिवेदन आवश्यक कारवाहीका लागि पेश गरेको छु/छौं।

<u>तपसिल</u>

- सञ्चालित प्रस्ताव/कार्यक्रमको नामः
- कार्यक्रम शुरु गरिएको मितिः
- कार्यक्रम सम्पन्न गरिएको मितिः
- कार्यक्रम सञ्चालन गरिएको स्थानः
- कार्यक्रम सञ्चालन गरेको लाभग्राहीको नाम, थर र सम्पर्क नं:.
- सञ्चालित कार्यक्रमको कुल लागत रु.:
- अनुदान माग गरिएको रकम रु.:
- लाभग्राही/उद्यमीको लगानी रकम रु.:
- कार्यक्रम सञ्चालनका क्रम सम्पादित प्रमुख क्रियाकलाप सम्बन्धी विवरणः

| सि. नं. | सम्पादित क्रियाकलाप | लक्षित सङ्ख्या | कार्य सम्पन्न प्रगति | | कुल खर्च रकम रु. | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- सञ्चालित कार्यक्रममा समग्रमा प्राप्त प्रमुख उपलब्धिहरु *(व्यवसाय विकास, लाभग्राही सङ्ख्या, रोजगारी सिर्जना भएको सङ्ख्या, कारोवारमा भएको वृद्धि, आदि सम्बन्धी विवरण उल्लेख गर्ने)*

- अन्य विवरण तथा सल्लाह सुझाव

*यस कार्यालयसँग भएको मिति ............................को सम्झौता बमोजिम माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भए/गरेको ठीक साँचो हो भनी स्वःघोषणा गर्दछु।*

<u>निवेदक</u>

नामथर :

ठेगाना:

सम्पर्क नं.:

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूची-७

(दफा ९ को उपदफा (५) संग सम्बन्धित)

## सम्बन्धित स्थानीय तह पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (नमूना)

मितिः....................

श्रीमान् प्रमुखज्यू
कार्यक्रम कार्यान्वियन एकाइ......................।

विषय : सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि मिति............................गते भएको सम्झौता बमोजिम..........................स्थायी ठेगाना भएको..............................फर्म/समूह/सहकारी/कम्पनीले तहाँबाट भएको सम्झौता बमोजिम तपसिल बमोजिमका कार्यहरु सम्पन्न गरेकाले नियमानुसार अनुदान रकम भुक्तानीका लागि सिफारिस साथ अनुरोध छ।

कार्य सम्पन्न विवरण

| क्र.सं. | सम्पादित क्रियाकलापको विवरण | सम्पादित परिमाण | कुल खर्च रकम रु. | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

........................

सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा

डा. दीपक कुमार खराल
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री